बैठक संख्याः १८७/०८/२०८२/०८३
मिति:२०८२/१२/२५
समय : दिनको २.३० वजे

आज मिति २०८२/१२/२५ गते बुधबारका दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रणबहादुर महरा ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| १. श्री रण बहादुर महराः नगर प्रमुख | अध्यक्ष |
| २. श्री कल्पना कुमारी जोशी पन्तः नगर उप–प्रमुख | सदस्य |
| ३. श्री उत्तर देव भट्टः वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. श्री भोदुराम डगौराः वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. श्री नरेन्द्रप्रसाद चौधरीः वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. श्री कमल ठकुल्लाः वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. श्री चक्रबहादुर खड्काः वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. श्री दान सिंह ऐरः वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. श्री प्रताप धामीः वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. श्री बहादुर सिंह महराः वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. श्री रमेश बहादुर ऐरः वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. श्री लाल बहादुर ऐरः वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. श्री शेर बहादुर साउदः वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. श्री नवल सिंह रानाः वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. श्री लक्ष्मी देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १६. श्री भुमा देवी चन्दः नगर कार्यपालिका सदस्य | सदस्य |
| १७. श्री शान्ती देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १८. श्री सुर्जा बि.कः नगर कार्यपालिका सदस्य | सदस्य |
| १९. श्री गणेश बिकः नगर कार्यपालिका सदस्य | सदस्य |
| २०. श्री सरस्वती कुमारी जोशीः नगर कार्यपालिका सदस्य | सदस्य |
| २१. श्री खेमराज बिष्ट : प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

CamScanner

## १८७ औं कार्यपालिका बैठकका निर्णयहरुः

मितिः २०८२/१२/२५ गते

**निर्णय नं. १ :** १८६ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो ।

**निर्णय नं. २:** यस नगरपालिकाको वार्ड नं ४ पिपलाडी स्वास्थ्य चौकी ,पिपलाडी कंचनपुरको लागि शव वाहन खरिद गर्न ठेक्का नं : SMP/082-83/NCB/GOODS/20 अन्तर्गत ठेक्का आह्वान भइ नियमानुसार श्री नेशनल फायर सेफ प्रा.लि बालकोट ,भक्तपुर सप्लायर कम्पनि र यस कार्यालय बीच खरिद सम्झौता सम्पन्न भईसकेको हुँदा उक्त शव वाहनको आयातमा लाग्ने प्रचलित कानुन बमोजिमको राजस्व छुटका लागि प्रकृया अगाडी बढाईदिनु हुन जिल्ला जनस्वास्थ्य कार्यालय ,कंचनपुर ,सामाजिक विकास मन्त्रालय सुदुरपस्चिम प्रदेश मार्फत स्वास्थ्य तथा जनसख्या मन्त्रालय ,काठमाण्डौलाइ सिफारिस साथ् अनुरोध गर्ने निर्णय पारित गरियो।

**निर्णय नं. ३:** सुदुरपस्चिम प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोगको मिति २०८२/१२/१९ गतेको प्रकाशित सुचना बमोजिम प्रदेश समपुरक अनुदान र प्रदेश विशेष अनुदान अन्तरगत आर्थिक बर्ष २०८३/८४ मा संचालन गरिने आयोजना कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धि देहायका योजनाहरुको प्रस्ताव पठाउने ।

**प्रदेश समपूरक अनुदान**

| क्र. स. | आयोजनाको नाम | योजना अवधि | न.पाको साझेदारी | कैफियत |
|---|---|---|---|---|
| १. | वार्ड न. ६ अगलीपट्टि मार्ग भुइयाँ हुदै बैजनाथ स्कुल सम्म जोड्ने सडक कालोपत्रे | १ वर्ष | ६०% | क्रमागत आयोजना |
| २. | वडा नं १ चितौरा नाला लौटा Box culvert निर्माण | २ वर्ष | ६०% | नयाँ |
| ३. | वार्ड नं ५ शैलेश्वोरी गण देखि वडा कार्यालय जाने सडक निर्माण | २ वर्ष | ६०% | नयाँ |

प्रमुख प्रशासकीय अधिकृत

शैलाकाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय झलारी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

रण बहादुर महरा
नगर प्रमुख

**विशेष अनुदान**

| क्र. स. | आयोजनाको नाम | योजना अवधि | कैफियत |
|---|---|---|---|
| १. | वार्ड नं ९ नगर उद्यान पार्क निर्माण कार्य | १ वर्ष | नयाँ |
| २. | नगरपालिका अन्तर्गत नश्ल सुधार ,बिउ बिजन सुधार,मौरी पालान ,रोग तथा किरा नियन्त्रण कार्यक्रम | १ वर्ष | नयाँ |
| ३. | शुक्लाफाँटा नगरपालिका अन्तर्गत रहेका नदि उकास क्षेत्रमा व्यवसायिक बगर खेति कृषि कार्यक्रम | १ वर्ष | नयाँ |

**निर्णय नं. ४:** तराई मधेश समृद्धि कार्यक्रम केन्द्र समन्वय इकाईको मिति २०८२/११/२५ गतेको प्रकाशित सुचना अनुसार २०८३/८४ मा संचालन गरिने आयोजना कार्यक्रमका लागि प्रस्ताव आह्वान सम्बन्धि देहायका योजनाहरुको प्रस्ताव पठाउने ।

| क्र.स. | आयोजनाको नाम | न.पाको साझेदारी | कैफियत |
|---|---|---|---|
| १. | वार्ड नं ११ समी चोक देखि वार्ड नं २ जोड्ने सडक निर्माण कार्य | ३० % | |
| २. | सुनवरा नदि तटबन्ध वार्ड नं ११ र ४ | ३० % | |
| ३. | शुक्लाफाँटा नगरपालिकामा न्युनतम खेति प्रविधि अन्तर्गत हाइ टेक टनेल तथा यान्त्रिकरण कार्यक्रम | ३० % | |

**निर्णय नं. ५:** शुक्लाफाँटा नगरपालिका अन्तर्गत शहरी स्वास्थ्य केन्द्र, वन्शाहमा कार्यरत जनस्वास्थ्य निरीक्षक (छैठौ तह) श्री पदमराज भट्ट (कर्मचारी संकेत नं. २०८७८४) त्रिभुवन विश्वविद्यालय अन्तर्गत जनस्वास्थ्य विषयमा स्नातकोत्तर (MPH) पढ्नको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट मनोनयन भएकाले निजलाई जनस्वास्थ्य विषयमा स्नातकोत्तर

प्रमुख प्रशासकीय अधिकृत

शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय झलारी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

रण बहादुर महरा
नगर प्रमुख

CamScanner

(MPH) अध्ययनको लागि २ (दुई) वर्षको तलबी अध्ययन विदा स्वीकृतिका लागि प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई सिफारिस गर्ने ।

**निर्णय नं. ६:** शुक्लाफाँटा नगरपालिका नगर शिक्षा समितिका मिति २०८२।१२।०४ गतेका तपसिलका निर्णयहरु निम्नानुसार अनुमोदन/स्विकृत गरियो ।

तपसिलः

- निर्णय नं १ तपसिलमा उल्लिखित विद्यालयहरुको देहाय अनुसार कक्षा थप अनुमोदन/ स्वीकृत गर्नेः

तपसिलः

| सि.नं. | विद्यालयको नाम | इमिस कोड | सञ्चालित कक्षा | शै.स. २०८३ का लागि अनुमतिका लागि सिफारिस गरिएको कक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाल एपिएफ स्कुल | ७२००९००६४ | ७ | ८ | |
| २ | जय विद्या निकेतन | ७२०१३००२६ | ४ | ५ | |
| ३ | युनिभर्सल बाल विद्या निकेतन | ७२००७००२२ | ६ | ७ | |

- निर्णय नं. ३ यस नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी मिलान,विद्यालय समायोजन र तह मिलान कार्य संघीय सरकारबाट प्राप्त थप परिपत्र/निर्देशन तथा कानूनी प्रबन्ध अनुसार गर्ने गराउने ।
- निर्णय नं. ५ यस नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत बालविकास शिक्षक, विद्यालय कर्मचारी र राहत शिक्षकहरु अनिवार्य अवकास हुदां र स्थायी शिक्षकहरुले अनिवार्य अवकास हुनुभन्दा कम्तीमा ५ वर्ष अगाडी स्वेच्छिक अवकास लिन चाहेमा विशेष प्रोत्साहन संघीय सरकारबाट प्राप्त थप परिपत्र/निर्देशन तथा कानूनी प्रबन्ध अनुसार गर्ने गराउने ।
- निर्णय नं. ८ यस नगरपालिका अन्तर्गत सञ्चालित सम्पुर्ण सामुदायिक विद्यालयहरुमा इ-हाजिरी व्यवस्थापनका लागि आवश्यक बजेट नगर शिक्षण सिकाइ सहयोग अनुदान तथा गुणस्तर सुधार/ समपुरक कोष तथा अन्य सिर्षकबाट व्यवस्थापन गर्ने।

**निर्णय नं. ७:** पिपलाडी ग्रामीण खानेपानी उपभोक्ता तथा सरसफाई समिति, शुनपा-४ पिपलाडी कंचनपुरलाई दर्ता गरि प्रमाणपत्र उपलब्ध गराउने ।

**निर्णय नं. ८ :** स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) मा यस नगरपालिकाले ५६.१ अंक प्राप्त गरेकाले प्रारम्भिक नतिजा कार्यपालिकामा छलफल गरि अनुमोदन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय झलारी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

रण बहादुर महरा
नगर प्रमुख

CamScanner

**निर्णय नं. ९ :** राजश्व परामर्श समितिको २०८२/१०/२४ गते र २०८२।१०/२८ को निर्णयहरु समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :** राजश्व संकलनका लागि खटाई पठाएका कर्मचारीहरुलाई थप प्रोत्साहन स्वरुप गत आ.व. ०८१/०८२ र चालु आ.व. ०८२/०८३ मा निजहरुले संकलन गरेको राजश्व रकमको ५ % प्रतिशतले हुन आउने रकम सम्बन्धित कर्मचारीलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११ :** प्रगतिशील लेखक संघ, नेपालले अन्तराष्ट्रिय साहित्यिक संघ गोष्ठी संचालनका लागि आर्थिक सहयोग माग गरेको हुदा समपुरक कोषबाट रु २५ हजार रकम सहयोग दिने निर्णय गरियो।

**निर्णय नं. १२ :** सुदूरपश्चिम विश्वविद्यालय रजिष्ट्रारको कार्यालय महेन्द्रनगर , कंचनपुरले अन्तराष्ट्रिय सम्मेलनका लागि आर्थिक सहयोग माग गरेकाले समपुरक कोषबाट रु १ लाख रकम सहयोग दिने निर्णय गरियो ।

**निर्णय नं. १३ :** शुक्लाफाँटा नगरपालिका वडा नं. ११ मा रहेको फोहोरमैला व्यवस्थापन केन्द्रमा आवश्यक पर्ने फोहोरहरुको प्राथमिक संकलनको मात्रा बढाउन जनचेतना मूलक सूचना विभिन्न पत्रपत्रीका र संचार माध्यमबाट प्रकाशन गर्ने साथै वडा कार्यालयलाई समेत फोहोर संकलनको मात्रा बढाउन जिम्मेवार बनाउने ।

**निर्णय नं. १४ :** शुक्लाफाँटा नगरपालिका वडा नं. ११ मा रहेको फोहोरमैला व्यवस्थापन केन्द्रमा फोहोरमैला व्यवस्थापन सम्वन्धि सिकाईका लागि तत्काललाई सब ईन्जिनियर श्री धिरज ऐरलाई खटाउने निर्णय गरियो ।

**निर्णय नं. १५ :** आ.व २०८२/८३ मा सूदूरपश्चिम प्रदेश सामाजिक विकास कार्यालय ,प्रदेश शहरी विकास कार्यालय अन्तर्गत यस नगरपालिकामा बिभिन्न आयोजनाहरु छनौट भइ आएकोमा हाल सम्म पनि उक्त कार्याक्रमहरु सामाजिक विकास कार्यालय महेन्द्रनगर,कंचनपुरले कार्यान्वियन नगरेकाले यस आर्थिक वर्ष भित्र सम्पन्न हुन सक्ने निर्माणकार्यको हकमा रु. २० लाख सम्मका आयोजनाको यस नगरपालिकामा वित्तीय हस्तान्तरणका लागि अनुरोध गर्ने साथै २० लाख भन्दा माथिका आयोजनाहरु बोलपत्रको माध्यम बाट ठेक्का व्यवस्थापन गर्न समय अभाव रहेको हुँदा उक्त योजनाहरु व्यवस्थापन समिति वा उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन गर्न सकिने भनि सुदुरपश्चिम प्रदेश सरकार बाट परिपत्र प्राप्त भएमा उक्त योजनाहरु संचालन गर्न सकिने भएको हुँदा सो कार्यक्रमहरुको समेत वित्तीय हस्तान्तरणका लागि अनुरोध गर्ने सिफारिस गरियो ।

**निर्णय नं. १६ :** यस नगरपालिका अन्तर्गतका तपसिल बमोजिमका अधुरा योजनाहरुमा समपुरक कोषबाट रकम विनियोजन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

रण बहादुर महरा
नगर प्रमुख

**तपसिल**

१. वडा नं. ७ प्रदेश सरकारबाट निर्माण भएको अधुरो भवनलाई प्लाष्टर, रंगरोगन , झ्याल ढोका समेत राखी प्रयोगमा ल्याउने - रु ५ लाख मात्र ।

२. वडा नं. ५ सामुदायिक भवनमा पाटेशन गर्ने कार्य - रु ३ लाख मात्र ।

३. वडा नं. १ थारु उत्थान केन्द्र - रु २ लाख ५० हजार मात्र ।

**निर्णय नं. १७ :** वडा नं. ५ को नव निर्मित सामुदायिक भवनमा वडा नं. ५ स्वास्थ्य चौकीलाई सार्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :** भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुले वडा नं. १ देखि १२ सम्मका वडाहरुमा नकारात्मक सूचिको जग्गा अतिक्रमण गरि बसेका भए सोको जानकारी , नामावली , परिवार संख्या तथा अतिक्रमित स्थानको पहिचान समेत हुने गरि सबै वडाहरुबाट सोको जानकारी संकलन गर्ने ।

**निर्णय नं. १९ :** भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुले वडा नं. १ देखि १२ सम्मका वडाहरुमा विगतमा आयोग द्वारा प्रकाशित सूचना अनुसार फारम भरी संकलन भएका निवेदन तथा फारमहरु मिति २०८२ भाद्र २३ र २४ गतेको जेन्जी आदोलनमा सबै वडाहरुमा जलेका र नष्ट गरेका फारमहरुको संख्यात्मक विवरण भूमि समस्या समाधान आयोग जिल्ला समिति , कंचनपुरलाई जानकारीका लागि पठाउने ।

**निर्णय नं. २० :** शुक्लाफाँटा नगरपालिका अन्तर्गत का वडाहरु क्रमश ६, ७, ८, १० र ११ मा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थी बसोवासीहरुको विवरण स्वीकृत गरि भूमि समस्या समाधान आयोग जिल्ला समिति कंचनपुरमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं. २१ :** भूमि समस्या समाधान आयोग द्वारा दोस्रो पटक छुटफुट लागि निवेदन भर्न सूचना प्रकाशित गरे पश्चात थप संकलन भएका शु.न.पा. अन्तर्गत रहेका वडा नं. १ , २, ३, ४, ५ ,९ र १२ सम्म संकलन भएका निवेदन तथा फारमहरुको नामावली प्रमाणीकरण गरि भूमि समस्या समाधान आयोग जिल्ला समिति कंचनपुरमा पठाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

रण बहादुर महरा
नगर प्रमुख